# एफ. एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५

इटहरी उपमहानगरपालिका

इटहरी उपमहानगरपालिका

इटहरी, सुनसरी

# एफ. एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५

**प्रस्तावना** :

एफ एम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्न नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन बनाई लागू गर्न वाञ्छनीय भएकाले संविधानको धारा २२३ बमोजिमको नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "एफ एम रेडियो (व्यवस्थापन तथा संचालन) ऐन, २०७५" रहेको छ ।

(१) यो ऐन इटहरी उपमहानगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने संघीय र प्रादेशिक मन्त्रालयलाई सम्झनु पर्दछ । साथै "विषयगत मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय वा सो कामको लागि तोकिएको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "बिषयगत शाखा" भन्नाले इटहरी उप महानगरपालिका अन्तरगतको सूचना तथा प्रविधि हेर्ने महाशाखा वा शाखा वा एकाइलाई सम्झनुपर्छ ।

इटहरी उपमहानगरपालिका

(ज) “सदस्य” भन्नाले नगरपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगरनगरपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) “समिति” भन्नाले दफा १२ बमोजिम गठित एफ एम रेडियो समन्वय तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(ञ) “रेडियो यन्त्र” भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने डिस, एण्टेना, रेडियो ट्रान्समिटर लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु सम्झनुपर्छ ।

३. **<u>प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन</u>** : (१) नगरपालिकाभित्र १०० वाट सम्मको एफ एम रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको इजाजत, नविकरण, रेखदेख, अनुगमन, नियमन र सञ्चालन सम्वन्धी नीति निर्माण गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) यो ऐन लागू हुनु पूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफ एम रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको नविकरण, रेखदेख, सञ्चालन र नियमन कार्य समेत नगरपालिकाको हुनेछ ।

४. **<u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u>** : (१) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई नगरपालिका क्षेत्रभित्र एफ एम सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २० बमोजिम जरीवाना गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागू हुनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० वाटसम्म क्षमता भएका एफ एम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन ।

५. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>** : एफ एम रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची २ (क) बमोजिमको दस्तुर सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

६. **<u>निवेदनसाथ संलग्न गर्नुपर्ने</u>** : दफा ५ बमोजिम दिने निवेदनसाथ देहायको कागजात संलग्न गर्नुपर्नेछ :

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) निवेदनसाथ कार्यपालिकाले तोके बमोजिमको दस्तुर तिरेको रसीदको साथै प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको कागजात यस ऐन बमोजिम छ छैन र इजाजत दिन सकिने नसकिने सम्वन्धमा निवेदन दिएको मितिले एक महिनाभित्र यस ऐन बमोजिम समिति समक्ष प्रस्ताव पेश गर्नु पर्दछ ।

(ङ) एफ एम रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजातहरु अनुसूची–१ र नवीकरणको लागि अनुसूची–४ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

७. **इजाजतपत्र दिन सकिने** : (१) दफा ६ बमोजिमको कागजात अनुसार इजाजत दिन सकिने भएमा समितिले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात संलग्न गरी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखी पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा नगरपालिकाले तत्काल निवेदकलाई अनुसूचि २ बमोजिमको ढांचामा अनुसूचि २ (क) बमोजिमको दस्तुर लिई इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरु (एफ एम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (स्याटलाईट रिसिभिङ सिस्टम, एफ एम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि. रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची– ५, ६, ७ र ८ बमोजिम कागजात अनिवार्य रुपमा समाबेश गर्नुपर्ने छ ।

(५) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

८. **इजाजतपत्रको अवधि र नवीकरण दस्तुर** : (१) एफ एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको अन्तिम सम्ममा नवीकरण गर्नु पर्नेछ । तर यो ऐन लागू हुनु भन्दा अघि दर्ता भै संचालनमा रहेको एफ एम रेडियोको नविकरण चालु बर्षको लागि यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र नवीकरण गरिसक्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची–३ बमोजिमको ढाँचामा सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा कार्यालयले इजाजतपत्र दिंदा अनुसूचि ३ (क) बमोजिमको दस्तुर दिई इजाजत पत्र नविकरण गर्न सक्नेछ । यदि नविकरण गर्न एक महिनासम्म ढिला गरेमा कुनै थप दस्तुर लाग्ने छैन तर सो भन्दा बढी तीन महिनासम्म ढिला भएमा पच्चिस प्रतिशत थप दस्तुर लिई नवीकरण गरीदिनु पर्नेछ । चार महिनादेखि छ महिना भित्रमा नविकरणका लागि आएमा पचास प्रतिशत र सात महिनादेखि बाह्र महिनाभित्र नवीकरण गर्न आएमा नगरसभाबाट पारित आर्थिक ऐन बमोजिमको दस्तुर र विलम्व शुल्क समेत लिई इजाजतपत्र नवीकरण गरी दिनुपर्नेछ । एक वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

९. **प्रसारण तथा वितरण शुल्क** : (१) एफ एम रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले वार्षिक खुद आयको दुई प्रतिशत शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सो को प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपदफा (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगरपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) विज्ञापनमा रोक लगाउने ।

(ख) इजाजत पत्रको सेफ नविकरण नगर्ने ।

(ग) त्यस्तो व्यक्ति वा संस्थाको प्रेस प्रतिनिधी प्रमाणपत्र रद्ध गर्ने ।

(४) यस ऐनका विभिन्न दफामा उल्लेख भए अनुसार कर, दस्तुर, शुल्क, रोयल्टी वापतको रकम यस नगरपालिकामा तिरेको प्रमाणित भएमा नगरपालिकाबाट अन्य कुनै कर दस्तुर शुल्क लिइने छैन, लिइएको भए यसै बमोजिम समायोजन गरिनेछ ।

(५) यो ऐन लागू भए पछि १०० बाट क्षमता भन्दा बढी क्षमताका एफ एम हरुले नगरपालिकामा आफनो संस्था सूचीकृत हुनका लागि निवेदन दिनुपर्नेछ, त्यस्तो निवेदन दिंदा संस्थाको नाम, ठेगाना, संचालकहरुको नाम, ठेगाना, अनुमति पत्रको प्रतिलिपी र प्रचलित कानून बमोजिम विभिन्न निकायमा बुझाएको दस्तुर, शुल्क, रोयल्टीको प्रमाण लगायतका कागजात समावेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमका संस्थाहरुले रु.पाँच हजार दस्तुर बुझाई प्रत्येक वर्षको असार मसान्तभित्रमा नविकरण गर्नुपर्नेछ र आषाढ मसान्तभित्र नगरेमा पहिलो तीन महिनाको लागि थप दुई हजार रुपैंया र अर्को तीन महिनाको लागि तीन हजार रुपैंया थप दस्तुर बुझाउनु पर्नेछ ।

१०. **<u>प्रसारणमा रोक लगाउन सकिने</u>** : नगरपालिकाले कुनै एफएम रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा तीन महिनाको लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ-

(क) समितिले निरीक्षण तथा छानवीन गर्दा दफा १५ र दफा १६ बमोजिमका शर्तहरुको अधिनमा रही कार्यक्रम प्रसारण गरेको नपाईएमा त्यस्ता एफ एम रेडियोलाई स्पष्टिकरण सोधिनेछ, एफ एम रेडियोले पेश गरेको स्पष्टिकरण मनासिव देखिएमा

एक पटकलाई ऐनको शर्त बमोजिम कार्यक्रम प्रशारण गर्न मौका दिईनेछ र त्यसरी मौका दिंदा पनि सर्त बमोजिम प्रशारण नगरेको व्यहोरा पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा त्यस्तो एफ एमलाई दफा २१ बमोजिम कारवाही गरी प्रशारणमा रोक लगाउन सकिनेछ ।

(ख) समितिले कसैले यस ऐनको दफा ४ बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखेमा त्यस्तो एफ एम रेडियाको सामान जफत गरी दफा २१ बमोजिम कारवाही गरी प्रशारण बन्द गराउन सक्नेछ । तर बन्द गराउनु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

११. **<u>इजाजतपत्र रद्द गर्न सकिने</u>** : तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र रद्द हुन सक्नेछ र त्यस्तो शर्त नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१२. **<u>एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति</u>** : नगरपालिकामा देहाय बमोजिमको एक एफ एम रेडियो समन्वय तथा अनुगमन समिति रहने छ-

क) प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिकाको सदस्यहरु मध्येवाट एकजना महिला सहित दुईजना - सदस्य

ङ) कार्यपालिकाले तोकेको एफ एम संचालकहरुबाट २ जना - सदस्य

घ) सम्वन्धित शाखाको शाखा प्रमूख - सदस्य सचिव

१३. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : एफ एम रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

(क) नगरपालिकामा दर्ता हुन आएका १०० वाट क्षमतासम्मका एफ एम रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गरी कार्यपालिकालाई सिफारिस गर्ने ।

(ख) नगरपालिकामा सञ्चालित एफ एम रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) नगरपालिकामा एफ एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

(घ) दर्ता भै संचालनमा रहेका रेडियो एफ एम हरुको नविकरण सम्वन्धी निर्णय गर्ने ।

(ङ) यस ऐन र अन्य प्रचलित कानून बमोजिम आवश्यक देखिएका अन्य कार्यहरु गर्ने ।

**१४. समितिको बैठक र सो सम्वन्धि व्यवस्था** : समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

**१५. एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरु** : यस ऐन बमोजिम दर्ता भै सञ्चालनमा रहेका एफ एम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछ :

क) एफ एम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यान दिनु पर्नेछ ।

ग) समाचार प्रवाहमा राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने गरी प्रशारण गर्नुपर्नेछ ।

घ) प्रसारण सेवा लिन ईच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी शुल्क लिन पाइने छैन ।

ङ.) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

च ) कुनै कार्यक्रमको प्रसारण वा वितरण गर्दा सम्बन्धित ब्यक्ति वा संस्थाको सहमति लिनु पर्नेछ ।

छ) यो ऐन लागू हुनुपूर्व राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाटसम्मका एफ एम हरुको ईजाजतपत्र यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

(ज) आपत्कालीन वा विपद्को समयमा नगरपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्नेछ ।

झ) युद्व वा संकटकालीन समय आईपरेमा नगरपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्नेछ ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

ट) प्रचलित कानूनको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

**१६. <u>प्रशारण गर्न नहुने</u>** : एफ एम रेडियोले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्ने छैन :

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने ।

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. <u>कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्ने</u>** : (१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले छ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ । अन्यथा त्यस्तो इजाजतपत्र नगरपालिकाले रद्ध गर्न सक्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपदफा (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई म्याद थपको लागि त्यस्तो अवधि बाँकी छदै नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा नगरपालिकाले तीन महिनाको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

१८. **विवरण संशोधन गर्न सक्ने** : (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा सभाले तोकेको दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा नगरपालिकाले विवरण बदल्न सक्नेछ ।

१९. **इजाजतपत्रको प्रतिलिपि** : (१) यस ऐन बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा नगरपालिकाले दुई सय रुपैयाँ दस्तुर लिई नक्कल दिनुपर्नेछ ।

२०. **नियमन गर्न सक्ने** : (१) इजाजतपत्रमा उल्लेखित शर्त बमोजिम प्रसारण गरे नगरेको सम्बन्धमा समिति वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । यसरी निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम प्रसारण गरेको नपाइएमा इजाजतपत्रमा उल्लेखित शर्त बमोजिम प्रसारण गर्न समिति वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा एक महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भनी पुनः गरिएको निरीक्षण तथा छानवीनबाट सम्झौता अनुरुपको कार्य गरेको नदेखिएमा वा समितिले कसैले यो ऐन बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ एम रेडियोको कुनै कार्यक्रम स्थगित गर्ने आदेश दिन वा तत्काल

बन्द गर्न लगाउन सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ । र इजाजत नलिई प्रसारण गरेको पाइएमा त्यस्तो रेडियो एफ एमका सबै उपकरण र अन्य भौतिक सामाग्री नगरपालिकाले जफत गर्न सक्नेछ ।

२१. **दण्ड जरीवाना** : (१) यस ऐन विपरित गर्नेलाई नगरपालिकाले समितिको सिफारिशमा एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो एफ एम रेडियो सञ्चालकलाई स्पष्टिकरण पेश गर्ने मौका दिनु पर्नेछ ।

२२. **पुनरावेदन** : यस ऐन बमोजिम समिति, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गरेको कनै निर्णय वा आदेश उपर चित्त नबुझ्ने पक्षले कार्यपालिका समक्ष १५ दिनभित्र निवेदन दिनु पर्नेछ र कार्यपालिकाको निर्णय उपर चित्त नबुझे निर्णय भएको मितिले ३५ दिनभित्र चित्त नबुझ्ने पक्षले सम्वन्धित जिल्ला अदालतमा पुनराबेदन गर्न सक्नेछ ।

२३. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :** यस ऐनको अनुसूचीमा हेरफेर गर्नुपर्ने भएमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ ।

२४. **नियम र कार्यविधि बनाउने** : यस ऐन बमोजिम कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**अनुसूची–१**

**(दफा ५ सँग सम्वन्धित)**

## <u>एफ एम रेडियो दर्ता इजाजतपत्र स्वीकृतिका लागि दिइने निवेदनको ढाँचा</u>

श्री ...........................

.................................

एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७५ को दफा ५ (१) बमोजिम एफ एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको-

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| ..............................पालिका | ..............................पालिका |
| वडा नं :- | वडा नं. :- |
| नगर / टोल :- | नगर / टोल :- |
| फोन नं. :- | फोन नं. :- |
| घर नं :- | घर नं :- |
| फ्याक्स नं :- | फ्याक्स नं :- |
| नागरिकता लिएको जिल्लाः | इमेल ठेगाना :- |
| नागरिकता नं. र नागरिकता लिएको मिति :- | |

२.संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्रः-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

इटहरी उपमहानगरपालिका

## अनुसूची–२

### (दफा ७.२ सँग सम्वन्धित)

### <u>इटहरी उपमहानगरपालिकामा एफ एम रेडियो सञ्चालन इजाजतपत्र</u>

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला :- |
| ......................पालिका | ..........पालिका |
| वडा नं. :- | वडा नं. :- |
| नगर / टोल :- | नगर / टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :- (ख) बैण्ड :-

(ग) च्यानेल :- (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

इटहरी उपमहानगरपालिका

१४. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको :-

नाम :-

सही :

मिति :-

दर्जा :-

इटहरी उपमहानगरपालिका

अनुसूची-२ (क)

(दफा ५ र ७ संग सम्वन्धित)

**<u>इजाजत पत्र दिंदा लाग्ने दस्तुर</u>**

(१) ५० वाटसम्मको लागि रु ५००/–

(२) १०० वाटसम्मको लागि रु २,०००/–

इटहरी उपमहानगरपालिका

## अनुसूची–३

**(दफा ८.२ सँग सम्वन्धित)**

**एफ एम रेडियोको इजाजतपत्र नवीकरणको लागि दिइने निवेदनको ढाँचा**

**श्री ............................**

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व...........................को लागि नवीकरण गरिदिनु हुन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.................) आवश्यक कागजात संलग्न गरी श्रीमान् समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

..................

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

इटहरी उपमहानगरपालिका

## अनुसूची-३ (क)

**(दफा ८ संग सम्वन्धित)**

**इजाजतपत्र नवीकरण दस्तुर**

(१) ५० वाटसम्मको इजाजत पत्र लिंदा बुझाएको रकमको दश प्रतिशत

(२) १०० वाट सम्मको इजाजत पत्र लिंदा बुझाएको रकमको दश प्रतिशत

इटहरी उपमहानगरपालिका

## अनुसूची–४

**(दफा ६ को खण्ड (ङ) सँग सम्वन्धित)**

**एफ एम रेडियो इजाजतपत्र नवीकरण प्रमाणपत्र**

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| ......................पालिका | ................पालिका |
| वडा नं. :- | वडा नं. :- |
| नगर /टोल :- | नगर / टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

| | |
|---|---|
| (क) फ्रिक्वेन्सी :- | (ख) बैण्ड :- |
| (ग) च्यानेल :- | (घ) ट्रान्समिटर :- |
| (ङ) एण्टेना :- | |

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

(घ)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको

सही :-

नाम :-

मितिः

दर्जा :-

कार्यालय :-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

इटहरी उपमहानगरपालिका

## अनुसूची–५

**(दफा ७ (४) सँग सम्वन्धित)**

**स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्युनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्त फारामको ढाँचा**

श्री ........................

स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.:-

(ग) सिरियल नं.:-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेना सम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउँः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज/प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगतः-

(ख) सामुहिकः-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोग कर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः-

(घर धनीको स्वीकृति भए यसैसाथ संलग्न गर्नुपर्ने)

१०. आयात गरिने देशको नामः-

११. आयात हुने भन्सार कार्यालयको नामः-

दरखास्तवालाको

नाम र ठेगाना :........................................

सहीः मितिः

इटहरी उपमहानगरपालिका

# अनुसूची–६

**(दफा ७ (४) सँग सम्वन्धित)**

**एफ एम ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त फाराम**

श्री.................................

..................................

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

(क) निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

६. स्टेशनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-

८. प्रयोग गरिने समय :-

९. अन्य विवरण:-

(क)

(ख)

(ग)

बुटवल उपमहानगरपालिका

दरखास्तवालाको-

सहीः-

नामः-

मितिः-

ठेगानाः-

इटहरी उपमहानगरपालिका

# अनुसूची–७

## (दफा ७ (४) सँग सम्बन्धित)

## स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एण्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज/प्रयोग गरिने फ्रिक्वेन्सीः-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान प्रदान गर्ने :-

८. प्रयोग :-

(क) व्यक्तिगतः-

(ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०.लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।



लहान उपमहानगरपालिका

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको-

सहीः-

नामः-

दर्जाः-

मिति-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुरतथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

इटहरी उपमहानगरपालिका

## अनुसूची–८

**(दफा ७ (४) सँग सम्वन्धित)**

**एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्सको ढाँचा**

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

(ग)



इटहरी उपमहानगरपालिका

कार्यालयको छाप :-

लाइसेन्स दिने अधिकारीको-

सहीः-

नामः-

दर्जाः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

इटहरी उपमहानगरपालिका

## अनुसूची– ९

### (दफा १८ (१) सँग सम्वन्धित)

### एफ एम रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

श्री ............................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले संलग्न कागजातहरु सहित श्री..................समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

बदल्न चाहेको विवरण

क)

ख)

ग)

घ)

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

इटहरी उपमहानगरपालिका